## धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय सुनसरी, प्रदेश नं. १, नेपाल

### नगर कार्यपालिका वैठक,वैठक संख्या ५/०७८/०७९

आज मिति २०७८ साल पौष १४ गते बुधवार विहान ८.०० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री तिलक राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

**उपस्थिती:**

| क्र.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री तिलक राई | प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री मञ्जु भण्डारी सुवेदी | उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री लक्ष्मी प्रसाद पौडेल | सचिव | धरान उपमहानगरपालिका | |
| ४. | श्री रोशन अधिकारी | वडा अध्यक्ष | धरान-१ | |
| ५. | श्री माधव गोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | |
| ६. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ७. | श्री मानबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ८. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ९. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| १०. | श्री जिवन सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| ११. | श्री रुद्र बहादुर लिम्बू | वडा अध्यक्ष | धरान-८ | abs. |
| १२. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| १३. | श्री श्री प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १४. | श्री बावुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १५. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | abs |
| १६. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १७. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १८. | श्री नरेश इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १९. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | |
| २०. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २१. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २२. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २३. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | |
| २४. | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | मृत्यु भएको |
| २५. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | |
| २६. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २७. | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २८. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २९. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| ३०. | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| ३१. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | |

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | चुन्नु थापामगर | का.पा. अध्यक्षा | |
| २. | प्रेम कु. लिम्बु | का.पा. अध्यक्षा | |
| ३. | | | |
| ४. | | | |
| ५. | श्री गणेश प्रसादखतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | |

**बैठकमा छलफल र निर्णय भएका विषयहरु :–**

1. **बैठकको गणपुरक संख्या [illegible] सम्बन्धमा:–**

   यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा २७ जना सदस्यहरूको उपस्थित रहेकोले गणपुरक संख्या पुरा भएको हुदाँ अध्यक्ष वाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो ।

2. **अघिल्ला बैठकका निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमा:–**

   यस भन्दा अघि मिति २०७८/०५/३१ गते कार्यपालिकाको बैठक बसेको र उक्त वैठकबाट १५ वटा निर्णयहरु भएकामा तपशिलका ३ वटा निर्णयहरूवाहेक सबै कार्यान्वियन भएको पाइयो ।

   (क) निर्णय नं. ७ मा विध्यालयहरू भौतिक रूपमा संचालन गर्ने निर्णय भएकोमा दशैं तिहारको विचमा केहि सामुदायिक विद्यालयहरू खुलेका र केहि लामो विदाका कारण नखुलेका भन्ने बुझिएको।

   (ख) निर्णय नं. ९ वाट संस्थागत विध्यालयहरूको शुल्क निर्धारण गरिएकोमा केहि संस्थागत विध्यालयहरूले उक्त निर्णय विपरित शुल्क लिएको भन्ने गुनासो सुनिन थालेकाले कार्यपालिको निर्णय कार्यान्वयनमा कार्यालयवाट जोड दिनु पर्ने । निर्णय कार्यान्वियन नभएमा कार्वाहिको प्रकृया अघि बढाउन सुझाव दिने ।

   (ग) निर्णय नं. १० मा धरान १७ स्थीत सप्तरंगी पार्कको निर्माण तथा संचालनकालागि नीजि क्षेत्रवाट प्रस्ताव माग गर्ने निर्णय भएकोमा सोको तयारी हुदै गरेको भन्ने जानकारी प्राप्त भएकाले चाडै निर्णय कार्यान्वयन हुन निर्देशन दिने ।

3. **खर्च व्यबस्थापन सम्बन्धि कार्यविधी २०७८ स्वीकृत गर्नेसम्बन्धमा :–**

   संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट उपलब्ध गराएको नमूनाका आधारमा तयार गरी विधायन मस्यौदा समितिको सिफारिस अनुसार आजको बैठकमा पेश भएको खर्च व्यबस्थापन सम्बन्धी कार्यविधि २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।स्वीकृत कार्यविधि छुट्टै प्रमाणित गरेर राखिने छ ।

4. **वडाहरूवाट सेवा प्रवाह गर्ने सम्बन्धमा तयार भै पेश भएको नागिरक बढापत्र स्वीकृत गर्ने सम्बन्धमा :–**

   यस उपमहानगरपालिकाको वडा कार्यालयहरुबाट प्रवाह हुने सेवाहरुलाई समावेस गरि तयार पारिएको वडाहरुको नागरिक वडापत्र स्वीकृत गर्ने र सोहि अनुसार सेवा प्रवाह गर्ने निर्णय गरियो ।स्वीकृत नागरिक वडापत्र छुट्टै प्रमाणित गरि राखिने साथै सबै वडा कार्यालयहरुमा सेवाग्राहिहरुले देख्नेगरि राख्ने व्यवस्था गर्ने निर्णय गरियो ।

5. **नगर क्षेत्रमा नयाँ खोलिएका वाटाहरूको मापदण्ड कायम र नामाकरण गरिएकोलाई अनुमोदन गर्ने सम्बन्धमा :–**

   नगर क्षेत्रमा नयाँ खोलिएका सडकहरूको आ.ब. २०७७।०७८ मा र चालु आ.ब. को हाल सम्ममा कार्यपालिकावाट प्रदत्त अधिकारका आधारमा नगर प्रमुख स्तरीय निर्णयवाट कायम गरिएको मापदण्ड र नामाकरणलाई अनुमोदन गर्ने निर्णय गरियो ।अनुमोदन भएका नामाकरण र मापदण्ड कायम भएका वाटाहरूको विवरण अनुसूची १ मा संलग्न छ ।

6. **वडा नं. ४ को वडा कार्यालय भवन निर्माणकालागि जग्गा व्यबस्थापन सम्बन्धमा :–**

   यस उपमहानगरपालिका वडा नं. ४ को वडा कार्यालय भवन निर्माण गर्नका लागि वडा नं. ४ खैरेनीमा वसन्तटार जाने बाटोको पुर्वपट्टि नेपाल राष्ट्रिय संयुक्त निवृत्त कर्मचारी संघको भवनको उत्तर पश्चिम तर्फ रहेको अनुमानीत ३ कठ्ठा ऐलानी जग्गा उपर्युक्त हुने देखिएको साथै उक्त जग्गामा हाल कसैको पनि भोगचलन नरहेको हुँदा उक्त

जग्गा धरान उपमहानगरपालिकाको नाममा दर्ता कायम गर्न आवश्यक प्रक्रिया अगाडी बढाउने र हाल उक्त वडा कार्यालय भवन निर्माण गर्नका लागि प्रदेश सरकारबाट रु. ५००००००/-(अक्षेरुपी रु. पचास लाख मात्र) अनुदान प्राप्त भएको हुँदा सोहि जग्गामा भवन निर्माणको प्रक्रिया अगाडी बढाउँने निर्णय गरियो ।

**७. वडा नं. ११ को वडा कार्यालय भवन निर्माणकालागि जग्गा व्यबस्थापन सम्बन्धमा :–**

यस उपमहानगरपालिकाका वडा नं. ११ को वडा कार्यालय भवन साविक धरान ९ क हाल धरान-११ को कि.नं. ८०० क्षेत्रफल ०-०-१६.५ र कि.नं. ७९७ को ०-०-११.५ भएको खानेपानी तथा ढल निकास शाखा कार्यालय धरानको नाममा दर्ता कायम रहेको जग्गामा निर्माण गर्नका लागिस्वीकृति माग गरि सम्बन्धित वडा कार्यालयबाट पेश भएको निवेदनका सम्बन्धमाआजको वैठकमा छलफलहुँदा उक्त कित्ता जग्गाहरु खानेपानी तथा ढल निकास शाखा कार्यालयको नाममा दर्ता रहेता पनि हाल खानेपानी तथा ढल निकास कार्यालय नरहेको र खानेपानी संस्थान समेत खानेपानी व्यवस्थापन वोर्डमा समायोजन भई सकेको हुँदा उक्त जग्गा उपलब्ध गराइदिन खानेपानी व्यवस्थापन वोर्डलाई अनुरोध गरिएकोमा उक्त स्थानमा ११ नं. वडा कार्यालय भवन साथै वडा नं.११, १७ र १८ को खानेपानी महशुल काउण्टर समेत रहने गरि अनुमती दिने भनि खानेपानी व्यवस्थापन वोर्डबाट मिति २०७८/०८/२१ मा निर्णय भई अनुमती प्राप्त भएकाले खानेपानी महशुल काउण्टर समेत रहने गरि उक्त जग्गामा वडा कार्यालय भवन निर्माण गर्ने निर्णय गरियो ।

**८. खानेपानी उपभोक्ता समितिलाई मुहान उपयोग गर्न अनुमती प्रदान गर्ने सम्बन्धमा :–**

बमधारा खानेपानी तथा सरसफाई उपभोक्ता समिति धरान-१५ नामक संस्थाले खानेपानी मुहान उपयोग गर्न अनुमति माग गरेकोमा नगरपालिकाबाट स्वीकृत खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम गठित समितिले सिफारिस गरे अनुसार उक्त समितिलाई मुहान उपयोग अनुमति दिने निर्णय गरियो ।

**९. नगर दररेट स्वीकृत गर्ने सम्बन्धमा :–**

यस उपमहानगरपालिकाबाट आर्थिक वर्ष ०७८/७९ का लागि आवश्यक विभिन्न निर्माण सामाग्री, अन्य सामाग्री साथै वस्तुहरु र श्रमिकहरुको ज्याला समावेश भएको सम्बन्धित महाशाखाबाट तयार गरिएको नगर दररेट मिति २०७८ भाद्र १ गतेको कार्यपालिका वैठकबाट स्वीकृत भएकोमा केहि वस्तु, सेवा तथा कार्यको ज्याला र दर रेट छुट भएको देखिएकोले थप पेश भए अनुसारको दररेट स्वीकृत गर्ने निर्णय गरियो । स्वीकृत दररेट अनुसूची २ मा संलग्न गरिएको छ ।

**१०. धरान डे मनाउँने सम्बन्धमा :–**

धरान उपमहानगरपालिकाले हरेक बर्ष पुष २० गते लाई विभिन्न कार्यक्रमहरूको आयोजना गरी धरान स्थापना दिवस (धरान डे ) मनाउँदै आएकोमा यस बर्ष पनि पुष २०, २१ र २२ गते विभिन्न कार्यक्रमहरूको आयोजना गरी मनाउने र उक्त कार्यक्रमको उद्घघाटन २० गते सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवा ज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न गर्ने निर्णय गरियो । उक्त कार्यक्रमलाई भब्य रूपमा सम्पन गर्न नगर प्रमुख संयोजक,उप प्रमुख सह संयोजक र प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव रहने गरी सबै वडाध्यक्षहरू, कार्यपालिका सदस्यहरू, पूर्व नगर प्रमुख ज्यूहरू, धरान स्थीत सरकारी, गैरसरकारी, नीजि क्षेत्रका विभिन्न संघ संस्थाका प्रमुखहरू सदस्य रहने गरी एक मूल आयोजक समिति गठन गर्ने साथै उक्त दिन धरान क्षेत्रमा सार्वजनिक विदा दिने समेत निर्णय गरियो ।

**११. कोभिड राहत सहजीकरण समिति गठन गर्ने सम्बन्धमा :–**

नेपाल सरकार अर्थ मन्त्रालयबाट कोभिड-१९ को महामारीबाट प्रभावीत अति विपन्न परिवारलाई नगद राहत वितरण गर्न कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्त्रण कार्यविधि २०७८ जारी गरेको र उक्त कार्यविधि अनुसार नगद हस्तान्त्रण कार्यको स्थलगत अनुगमन तथा सहजीकरण गर्न स्थानीय तहमा उपप्रमुख वा उपाध्क्षको संयोजकत्वमा अनुगमन तथा सहजीकरण समिति रहने र उक्त समितिमा कार्यपालिकामा रहेका वडाध्यक्ष वाहेकका अन्य २ जना कार्यपालिकाका सदस्य सदस्य रहने व्यवस्था भएकाले तपसिलका २ जना कार्यपालिका सदस्यहरुलाई उक्त अनुगमन तथा सहजीकरण समितिमा सदस्य चयन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

क. श्री कैलाश अग्रवाल – कार्यपालिका सदस्य

ख. श्री हिरादेवि राई – कार्यपालिका सदस्य

**१२. क्षयरोग निवारण संस्था धरानलाई १ नं. वडा कार्यालय भवनमा कोठा उपयोग गर्नदिने सम्बन्धमा :–**

धरान उपमहानगरपालिकाले विगतमा वडा नं. १ मा नेपाल रेडक्रस सोसाईटी सुनसरीको भवन भन्दा तल्लो [illegible] पटि रहेको जग्गा क्षयरोग निवारण संस्था धरान लाई उपयोग गर्न दिइएकोमा हाल उक्त संस्थाको भवन धेरै जिर्ण अवस्थामा रहेको र भत्काउनु पर्ने भएको र सो संस्थाले भवन भत्काइ नयाँ संरचना बनाउँन सक्ने अवस्था नरहेकाले उक्त संस्थाका पदाधिकारीहरुसँग भएको छलफल र सहमतिका आधारमा उक्त जिर्ण भवन भत्काइ हाल वडा नं १ को वडा कार्यालय भवन निर्माण भइ रहेको हुँदा उक्त संस्थाका पदाधिकारीसँग भएको सहमति अनुसार वडा कार्यालय भवनको माथिल्लो तलाका दुई वटा कोठा क्षय रोग निवारण संस्था धरानलाई उपयोग गर्न दिने निर्णय गरियो ।

**१३. संस्थागत विध्यालयहरूले लिएको शुल्क सम्बन्धमा परेका निवेदनहरू सम्बन्धमा :–**

नगर क्षेत्रमा संचालनमा रहेका संस्थागत विध्यालयहरूले लिन पाउने शुल्क सम्बन्धमा मिति २०७८।०५।३१ गतेको कार्यपालिका बैठकवाट निर्धारण गरिएकोमा धरान ९ स्थित बिष्णु मेमोरियल स्कूलले लिएको शुल्कका सम्बन्धमा उक्त विध्यालयका अबिभाबक हरूवाट लिखित रूपमा र अन्य केहि विध्यालयहरूको नगरपालिकावाट निर्धारण गरे भन्दा बढी शुल्क अशुल गरेको भनी मौखिक रूपमा उजुरी परेकोमा शिक्षा, युवा तथा खेलकुद महाशाखा वाट र नगर प्रमुखवाट समेत उक्त विध्यालयलाई कार्यपालिकाले निर्धारण अनुसारको शुल्कमात्र लिन सुझाब दिई सकेको हुदाँ नगर क्षेत्रका सम्पूर्ण संस्थागत विध्यालयहरूलाई कार्यपालिकाको निर्णय अनुसार मात्र शुल्क लिई कार्यपालिकाको निर्णयको स सम्मान कार्यान्वयन गर्न गराउन निर्देशन दिने निर्णय गरियो ।

**१४. आर्थिक सहयोग सम्बन्धमा :–**

विभिन्न गम्भिर प्रकारका रोगहरुका कारण उपचारमा समस्या भै उपचार सहयोगका लागि र प्रकृतिक प्रकोपका कारण धनक्षती भएकोले राहतका लागि पेश भएका निवेदनहरु मध्ये तपसिलका व्यक्तिहरुलाई तपसिल अनुसार उपचार सहयोग दिने निर्णय गरियो ।

क. गणेश तामाङ्ग – धरान ९ (अ.रा. टेवल टेनिस खेलाडी), प्रशिक्षणको क्रममा खुट्टा भाचिएकाले उपचार सहयोग रू २००००।

ख. रिता राई – धरान १४, मुटु रोग उपचार सहयोगका लागी रू २००००।

ग. नविनबाबु कटुवाल – धरान १३, क्रोनिक प्यानक्रोटिस सम्बन्धी उपचार सहयोगका लागि रू २००००।

घ. चिनाकुमारी थापा – धरान १८, क्यान्सर रोग उपचार सहयोग रू २००००।

ङ. रामबहादुर खड्का – धरान ६, धरमा आगलागी भएको राहत रू २००००।

च. रूविना सापकोटा – धरान १६, मुटुरोग उपचार सहयोग रू २००००।

छ. गोपी बस्नेत – धरान १७, आगलागी पिडित राहात रू २००००।

ज. रेवत राई – धरान १७, आगलागी पिडित राहात रू २००००।

झ. शंभु शाहा – धरान १७, आगलागी पिडित राहात रू २००००।

ञ. लालबहादुर ठकुरी- धरान १४, औषधी उपचार सहयोग रु. १५०००।

ट. रूकमणि मरिक – धरान ३, हावाहुरीले रूख लडाइ घरमा क्षति पुराएकाले राहात रू १००००।

ठ. रोशन अधिकारी –१नं. वडाध्यक्ष, प्याराग्लाडिङ्ग दुर्घटनामा परि घाईते भएकाले उपचार सहयोग रू १०००००।

१५. विवधः–

क. East Tourism Mart सञ्चालन गर्ने सम्बन्धमा :–

नेपाल पर्यटन वोर्डले चालु आ.व. २०७८/०७९ मा धरान विराटनगर र विर्तामोड Travel Martसंचालन गर्न रु. ३० लाख वजेट विनियोजन गरिएकोमा विगत आर्थिक वर्षमा धरान East Tourism Mart सफलतापुर्वक २ पटक सम्पन्न गरि सकेकोहुँदा उक्त मार्ट धरानमा सञ्चालन गर्न यस क्षेत्रमा सबै पर्यटन व्यवसायी सहमत भै श्री भविषकुमार श्रेष्ठको संयोजकत्वमा १ आयोजक समिति गठन गरि धरान उपमहानगरपालिकामा पेश गर्नु भएको हुँदा धरान उपमहानगरपालिकाको पर्यटन समितिले समन्वय गर्ने गरि पर्यटन वोर्डबाट रु. ३० लाख , धरान उपमहानगरपालिकाबाट रु. ५ लाख र अपुग रकम सम्बन्धित व्यवसायीहरुले व्यवस्थापन गर्ने गरि East Tourism Mart 2022 माघ ७, ८ र ९ गते धरानमा आयोजना गर्ने निर्णय गरियो ।

ख. वडा नं. १२ को कार्यालय भवन निर्माण सम्बन्धमा :–

वडा नं. १२ को वडा कार्यालय भवन निर्माणका लागि नारी शिल्पकला केन्द्र संग जग्गा उपलब्ध गराउने सम्बन्धी समझदारी भएकाले सो जग्गामा भवन निर्माणको प्रकृया अगाडि बढाउने निर्णय गरियो।

**अर्को बैठक १६ गते विहान ८ वजे बस्ने गरी आजको वैठक दिउसो ११:४५ वजे समाप्त भयो ।**

**वैठकको निर्णय माईनटगर्ने : वरिष्ठ प्रशासकीय अधिकृत, गणेश प्रसाद खतिवडा ।**

अनुसूचि -१

धरान उपमहानगरपालिका घरनक्साशाखा

बाटो दर्ता २०७७।०४।१ देखि २०७८।०३।३० सम्मको (आ.ब.२०७७।७८)

| क्र. सं. | निवेदकको नामथर | वडा नं. | बाटो दर्ता निर्णय मिति | सडकको नााम | मापदण्ड | कहाँ देखी | कहाँ सम्म |
|---|---|---|---|---|---|---|---|
| १ | पितरुमल अग्रवाल | १६ | २०७७।०४।०४ | सन मार्ग लुप | २० फिट | | |
| २ | भानुभक्त लिम्बु समेत ९जना | १५ | २०७७।०६।१५ | हिन्दुपति मार्ग | १४ फट | हिन्दुपती मार्ग देखी | पूर्व कि.नं.५४३५सम्म |
| ३ | प्रशान्त राई समेत | ११ | २०७७।०६।०७ | सुनौलो मार्ग लुप | २० फिट | सुनौलो मार्ग देखी | ऐश्वर्य मार्ग सम्म |
| ४ | इन्द्रकुमारी खापुङ समेत ५जना | १५ | २०७७।०६।०७ | चण्डेश्वरी मार्ग लुप | १४ फिट | चण्डेश्वरी मार्ग देखी | कि.नं.१३१८६अन्तिम सम्म |
| ५ | शोभा खडका समेत ७जना | १५ | २०७७।०७।०३ | त्रिवेणी मार्ग लुप | १४ फिट | त्रिवेणी मार्ग देखी | कि.नं.९९७८को उत्तर १०फि. |
| ६ | धुब राई समेत १०जना | १५ | २०७७।०७।१९ | इन्द्र टोल | २० फिट | भानु मार्ग देखी | पूर्व टुङ्गिने सम्म |
| ७ | बृख बहादुर डंगोल | १४ | २०७७।०७।०२ | रुपनारायण पथ | २०फिट | कि.नं.१२८५उत्तर पश्चिम कुनाबाट | कि.नं.१२८८को पुर्व कुना सम्म |
| ८ | रमेश कुमार शर्मा समेत ४जना | ८ | २०७७।०७।०२ | सहिद स्मृति मार्ग | १४ फिट | शहिद स्मृती मार्ग देखी | कि.नं.९१४८ सम्म |
| ९ | प्रेम कुमार गुरुङअनिता गुरुङ | १७ | २०७७।०८।०८ | माथिल्लो बाटो शान्तामायामार्ग क) तल्लो बाटो शान्तामाया मार्ग | २० फिट | ईन्द्रेणी मार्ग देखी | उत्तर तर्फ माथिल्लो बाटो ७०मी.र तल्लो बाटो ६८मी.लम्बाई र ६मी. चौडाई रहेको सम्म |
| १० | अन्जना सार्की समेत ६जना | १५ | २०७७।०८।१० | पारुहाङमार्ग लुप | १४ फिट | पारुहाङ मार्ग देखी | पुर्व लुप ३२मी.टुङ्गीने सम्म |
| ११ | हेम कुमारी कार्की समेत ६जना | ६ | २०७७।०८।११ | नवउन्नत मार्ग | २० फिट | लक्ष्मी मार्ग(नवउन्नत मार्गको निरन्तरता) | कि.नं.११४४,११४७पूर्व छेउ सम्म |
| १२ | अमृत कुमार राई समेत ५जना | ६ | २०७७।०८।२० | सभ्यता मार्ग | २० फिट | रणदेवी मार्ग देखी | कि.नं.३०८४पश्चिम सम्म |
| १३ | गंगाबहादुर कार्की समेत ४जना | १७ | २०७७।०९।०७ | सुर्योदय मार्ग | १४ फिट | सुर्योदय मार्ग देखी | थप पूर्वउत्तर४२मि.निरन्तर |
| १४ | यसोदा चापागाई समेत ३जना | ६ | २०७७।०९।०८ | रेवती पथ | २० फिट | प्रगति मार्ग देखी | पुर्व जाने करिब ८०मी.सम्म |
| १५ | मनमायातामाङ समेत ६जना | ५ | २०७७।०९।१७ | ड्राईगन मार्ग | २० फिट | मंगोलियन मार्ग देखी | ३३.६०मी.पूर्व तर्फ गई अन्त्य भएको बाटो सम्म |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६ | दमनसरी राई समेत १८जना | ५ | २०७८।०१।०९ | चौरास मार्ग | २० फिट | ओखलढुङ्गे मार्ग देखी | दक्षिण पुर्वपश्चिम रहेको बाटो सम्म |
| १७ | कमला श्रेङ लिम्बु | १५ | २०७७।०९।२२ | सुर्य ज्योतीमार्ग लुप | १४ फिट | सुर्यज्योति मार्ग देखी | २१मिटर पूर्व सम्म |
| १८ | नैन कुमारी शाह समेत ६जना | ६ | २०७७।०९।२२ | उन्नती मार्ग | २० फिट | कृषि सहकारी मार्ग पूर्व | पूर्वतर्फ कि.नं.१४६३ उत्तर पूर्व कुना सम्म |
| १९ | गंगाविश्वकर्मा समेत ९जना | १४ | २०७७।०९।२७ | चखोवा मार्ग | २० फिट | चखोवा मार्ग देखी | उत्तर कि.नं.१८३८,१८३७ |
| २० | श्री नारायण राना समेत ६ जना | १४ | २०७७।१०।०७ | पन्चकन्या मार्ग लुप | २० फिट | पन्चकन्या मार्ग देखी | कि.नं.११८६पश्चिम सम्म |
| २१ | सन्तमाया राई | ६ | २०७७।१०।०७ | शिबमन्दिर मार्ग | २० फिट | सरस्वती मार्ग देखी | पश्चिम तर्फ प्रहरीचौक जाने बाटो सम्म |
| २२ | बिजयकुमार चेम्जोङ समेत १२ जना | १४ | २०७७।१०।१३ | विष्णुदेबी मार्ग | २० फिट | पन्चकन्या मार्ग देखी | कि.नं.९१३को पुर्व उत्तर कुना सम्म मात्र (अरु बाँकी निर्णय नभएको) |
| २३ | सन्तकुमार लिम्बु समेत ५ जना | ६ | २०७७।११।०५ | सभ्यता मार्ग (क) | २० फिट | रणदेवी मार्ग देखी | पश्चिम तर्फ ८६मी.गई पोखरा खोला पुग्ने सम्म |
| २४ | श्री कृष्ण गौतम वि.क समेत १० जना | १५ | २०७७।११।०६ | कुलदिप पथ | २० फिट | महालक्ष्मी पथ देखी | शीतल मार्ग जोडिने ५१मी. |
| २५ | सुजता सुब्बा | १७ | २०७७।११।६ | मझिया मार्ग | १४ फिट | उज्ज्वल मार्ग देखी | कि.नं.३७३६को पश्चिमबाट दक्षिण कुना सम्म |
| २६ | गंगादेबीविश्वकर्मा समेत ६जना | ६ | २०७७।११।२३ | जलकन्या मार्ग | २० फिट | जलकन्या मार्ग देखी | कि.नं.१८५७ सम्म (निरन्तर) |
| २७ | चन्द्र मायाकार्की कटवाल समेत ४जना | १५ | २०७७।१२।१५ | सुन्दर मार्ग | २० फिट | नौलो पथ उत्तर देखी | कि.नं.१०३२४के उत्तर कुनासम्म ३९.५०मि.टुङ्गिने |
| २८ | छिरिङ शेर्पा समेत | १९ | २०७७।१२।२२ | मुना सुन्दर पथ | १४ फिट | मुना सुन्दर पथ देखी | पश्चिम ३३मिटर सम्म |
| २९ | मन्दिरा दाहाल | ८ | २०७७।१२।२६ | नयाँ सृजनामार्ग लुप | १४ फिट | नयाँ सृजना मार्ग देखी | ४०मी.पश्चिम टुङ्गिने बाटो |
| ३० | लोक कुमारी श्रेष्ठ समेत ८जना | ६ | २०७७।१२।२६ | औद्यौगिक मार्ग | २० फिट | कृषि सहकारी मार्ग देखी | पश्चिम दक्षिण हुँदै पश्चिम र उत्तर दक्षिण उत्तरमा कि.नं.११४४, दक्षिणमा कि.नं.१०७१ सम्म |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २० फिट | दोभाने लाईनबाट पूर्व | पूर्व २५.६०मि.मा टुङ्गिने |
| ३१ | अन्नत लिम्बु समेत ४ जना | ६ | २०७७।१२।३१ | सगरमाथा पथ | २० फिट | पाँचकन्या माग देखी | ९१मी.उत्तर गई पूर्व ४२मी. |
| ३२ | दिनेश शेर्पा | ५ | २०७८।०१।०८ | स्वागत मार्ग | २० फिट | सिद्धार्थ मार्ग देखी | कि.नं.२६४६ सम्म |
| ३३ | प्रकाशलकान्द्री | ८ | २०७८।०१।०९ | सिद्धार्थ मार्ग लुप | २० फिट | सिसौ पथ देखी | उत्तर थप ११.६०मी.सम्म |
| ३४ | संघ बहादुर राई | ११ | २०७८।०१।१३ | सिसौ पथ | १४ फिट | | |
| ३५ | दिपककुमार कर्माचार्य समेत ११जना | १७ | २०७८।०१।१३ | कर्माचार्य पथ | २० फिट | कर्मचार्य मार्ग देखी | कर्मचार्य मार्ग निरन्तर उत्तर हुँदै पुर्व तर्फ |
| ३६ | बिष्णु कुमारी लिम्बु | ११ | २०७८।०१।१३ | सयपत्रि मार्ग लुप क | २० फिट | सयपत्री मार्ग देखी | पुर्व तर्फ कि.नं.८९७८सम्म |
| ३७ | टंक बहादुर लिम्बु समेत ५जना | ११ | २०७८।०३।१ | कृष्ण पथ"क" कृष्ण पथ"ख" | २० फिट | कि.नं.३१२२ दक्षिण | पश्चिम कि.नं.३१५३,३०८९सम्म |
| ३८ | गोमा देबी गुरुङ समेत ६जना | ५ | २०७८।०३।२२ | कृष्ण मार्ग | २० फिट | मकालु पथ देखी | ४०मी.पुर्वमा टुङ्गिने |
| ३९ | किशोरकुमार श्रेष्ठ समेत ६जना | ६ | २०७७।११।०६ | जय श्री पथ | २० फिट | चन्द्र मार्ग देखी | पश्चिम गई उत्तर दक्षिण जाने बाटो १३३ मिटर |
| ४० | सीता कटुवाल समेत ६जना | १५ | २०७८।०२।१३ | मेवाहाङ पथ | २० फिट | मकालु मार्ग देखी | ६६मि.पुर्व र दक्षिण लुप कि.नं.९८०७सम्म |

अनुसूची–१

**धरान उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**घरनक्सा शाखा**
**आ.ब. २०७८।७९को (२०७८।०४।०१ देखी २०७८।०९।०५ सम्म)**
**मापदण्ड तथा नामाकरण भएका बाटाहरुको विवरण**

| क्र.सं. | निवेदकको नामथर | वडा नं. | बाटो दर्ता निर्णय मिति | सडकको नाम | मापदण्ड | कहाँ देखी | कहाँ सम्म |
|---|---|---|---|---|---|---|---|
| १ | अनिता राई समेत ४ जना | १७ | २०७८।०५।०१ | मिलिजुली मार्ग | २० फि. | ईन्द्रेणी मार्ग देखी | ६६मिटर पश्चिम सम्म |
| २ | बाग बहादुर लिम्बु समेत ३ जना | १५ | २०७८।०५।०१ | त्रिवेणी मार्ग लुप | १४ फि. | त्रिवेणी मार्ग देखी | त्रिवेणी मार्ग बाट दक्षिण तर्फ ४०.८०अन्त्य भएको |
| ३ | निर्मला परियार समेत ३ जना | ११ | २०७८।०५।११ | विष्णुपादुका मार्ग लुप | १४ फि. | विष्णुपादुका मार्ग देखी | दक्षिण पश्चिम तर्फ २२.४०मि. |
| ४ | पुगिता राई समेत ३ जना | ११ | २०७८।०४।२७ | मिरमिरे मार्ग | २० फि. | मिरमिरे मार्ग देखी | पूर्व तर्फ २६मिटर निरन्तर |
| ५ | चहकमान राई समेत ७ जना | १९ | २०७८।०४।३१ | सयपत्री मार्ग लुप"ख" | १४ फि. | सयपत्री मार्ग दक्षिण तर्फ | ४७.५मिटरमा टुङ्गिने |
| ६ | सुरेश कुमार श्रेष्ठ समेत ७ जना | १६ | २०७८।०५।०१ | खुट्टाली मार्ग | १४ फि. | पुण्य मार्ग देखी | भगवती मार्ग जोडने सम्म |
| ७ | घनश्याम राउत समेत ६ जना | १७ | २०७८।०५।३० | हर्ष मार्ग | २० फि. | बहुजन मार्ग देखी | २००मि.पश्चिम तर्फ गई ऐलानी जग्गा सम्म |
| ८ | हेमराज सुवेदी | ६ | २०७८।०५।२३ | सावित्रा मार्ग | २० फि. | कि.नं.३९३६भन्दा पूर्व देखी | दक्षिण कि.नं.६९१उत्तर पश्चिम सम्म |
| ९ | पितम्बर ठकुरी समेत २ जना | ११ | २०७८।०५।२३ | सुधासागर पथ लुप | २० फि. | सुधासागर पथ | पश्चिम दक्षिण |
| १० | जित बहादुर तामाङ समेत ५ जना | ६ | २०७८।०५।२३ | जुनुतारा मार्ग | २० फि. | पानवारी मेनरोड देखि | उत्तर गई पूर्व पश्चिम सम्म |
| ११ | विधाता राई समेत ८ जना | ११ | २०७८।०५।२३ | चोमोलुङ मार्ग | १४ फि. | चोमोलुङ्ग मार्ग देखी | उत्तर गई ६८मिटर अन्त्य |
| १२ | लक्ष्मी कुमारी राई समेत १३ जना | ११ | २०७८।०५।३१ | मितेरी मार्ग | २० फि. | संघर्ष चौक देखी दक्षिण विष्णुचौक उत्तर ठाडो | सावकि सोलिङ मार्ग सम्म |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | सुस्मिता तामाङ समेत १० जना | १४ | २०७८।०९।०५ | विशाल पथ | २० फि. | पिण्डेश्वर पथ ३०४१देखी | दक्षिण पश्चिम तर्फ ३०३१, पुन:द.प. ३०३५ र पुन:द.प.३०८७सम्म |
| १४ | टंकमाया आले मगर | ६ | २०७८।०८।०८ | जलकन्या मार्ग | २० फि. | कि.नं.२१९४देखि उत्तर तर्फ | उत्तर तर्फ २१८५सम्म निरन्तर |
| १५ | बाल कुमारी तामाङ समेत ३ जना | १९ | २०७८।०८।२१ | पर्वत मार्ग | २० फि. | पर्वत मार्ग देखी | उत्तर तर्फ कि.नं.४१२५ सम्म |
| १६ | ठकिन्द्रकुमार लिम्बु समेत १६जना | ५ | २०७८।०९।०५ | देविथान मार्ग | २० फि. | पांचकन्या मार्ग कि.नं.११८ देखी | उत्तर पश्चिम कुना हुँदै दक्षिण पानवारी मेन रोड सम्म ( प्रस्तावित मदनभण्डारी राजमार्ग सम्म) |
| १७ | कौशिला देवी क्षेत्री समेत ४ जना | १४ | २०७८।०८।१४ | बावु मार्ग | २० फि. | नयाँ सडक लुप उत्तरतर्फ कि.नं.२८९६ देखी | पूर्व कि.नं.२९२१ सम्म |
| १८ | श्रृजना श्रेष्ठ समेत १६ जना | १४ | २०७८।०८।१४ | गणेशगंगा मार्ग | २० फि. | बाबाधाम मार्ग उत्तर कि.नं.२७८८देखि | पूर्व कि.नं.२७९७,उत्तर२७९६, पश्चिम२६४५ पुन:उत्तर२६४७सम्म |

अनुसूची - २.

# धरान उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धरान, सुनसरी , १ नं प्रदेश

## धरान उप-महानगरपालिकाको सामाग्री सम्वन्धि दररेट

| क.सं. | सामाग्रीको विवरण | इकाई | आ.व. ०७८।७९ को | दर रेट स्रोत |
|---|---|---|---|---|
| 1 | छाप्रे ढुंगा ( Flag Stone) | | | |
| | १" सम्मको बाक्लो सर्फेस ड्रेस गरेको छाप्रे ढुंगा | ब. फि. | 76.00 | आ. ब. ०७८-७९ को स्वीकृत काठमाडौँ जिल्ला दर रेट |
| | १.५" सम्मको बाक्लो सर्फेस ड्रेस गरेको छाप्रे ढुंगा | ब. फि. | 88.00 | |
| | २" सम्मको बाक्लो सर्फेस ड्रेस गरेको छाप्रे ढुंगा | ब. फि. | 103.00 | |
| | २.५" सम्मको बाक्लो सर्फेस ड्रेस गरेको छाप्रे ढुंगा | ब. फि. | 111.00 | |
| | २.५" देखि ३" सम्मको बाक्लो सर्फेस ड्रेस गरेको छाप्रे ढुंगा | ब. फि. | 138.00 | |
| 2 | कोटा स्टोन | | | |
| | १" मोटाई | ब. फि. | 150.00 | आ. ब. ०७८-७९ को स्वीकृत काठमाडौँ जिल्ला दर रेट |
| | ३/४" मोटाई | ब. फि. | 137.00 | |
| 3 | कार्पेट दुबो | ब. फि. | 33.00 | |
| 4 | कार्पेट दुबोको लागि टाप्रे कार्य | ब. फि. | 22.00 | |
| 5 | हेज ८ इन्च पोली | गोटा | 55.00 | |
| 6 | निगालो जरा सहित | गोटा | 12.00 | |
| 7 | Constrution of Dome type water fountain including supply, providing, transportation of all required materials to the site , fixing, fitting and errecting them in positon, testing and commissioning as per requirements and manufacturers recommendations all complete. | | | |
| | a) Nozzle Head 15 feet dia | Set | 65,000.00 | कोटेशन बाट प्राप्त न्युनतम दर रेट - हेरिटेज नेपाल , हात्तिसार काठमाडौँ नेपाल |
| | b) Nozzle Head | Nos | 35,000.00 | |
| | c) Cluster Nozzle | Nos | 25,000.00 | |
| | d) Vertical Jet 1/2" nozzle | Nos | 1,050.00 | |
| | e) 7.5HP Submersible Fountain Pump | Nos | 75,000.00 | |
| | f) Pipe Fittings | Lot | 40,000.00 | |
| | g) Submersible Cable for Pump | Rm | 350.00 | |
| | h) Submersible Cable for Pump | Rm | 250.00 | |
| | i) Fountain Light | Set | 9,500.00 | |
| | j) Light Controller | Set | 14,500.00 | |
| | k) Electrical Panel Board | Set | 30,060.00 | |
| | l) Glass Mosaic Bisiza tile | Sq.ft | 315.00 | |
| 8 | CGI Roofing Sheet Colour | | | |
| | a) 0.26 mm thick | Bundle | 8,672.57 | कोटेशन बाट प्राप्त न्युनतम दर रेट |
| | b) 0.30 mm thick | Bundle | 8,672.57 | |
| | c) 0.32 mm thick | Bundle | 10,176.99 | |
| | d) 0.36 mm thick | Bundle | 10,176.99 | |
| | e) 0.39-0.40 mm thick | Bundle | 11,132.74 | |
| | f) 0.43 mm thick | Bundle | 11,769.91 | |
| 9 | CGI Roofing Sheet Plain | | | |
| | a) 0.19 mm thick | Bundle | 5,619.47 | |
| | b) 0.26 mm thick | Bundle | 7,345.13 | |
| | c) 0.39 mm thick | Bundle | 10,597.35 | |